नेपाल सरकार

**जनसंख्या तथा वातावरण मन्त्रालय**

सिंहदरबार, काठमाडौ

## वातावरण संरक्षण पुरस्कारका लागि आवेदन माग सम्वन्धी सूचना

**(प्रथम पटक प्रकासित मिति २०७३।१२।२१)**

यस मन्त्रालयले विश्व वातावरण दिवश २०१७ को अवसरमा नेपालको वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने संघ / संस्था / व्यक्तिलाई निम्नानुसारको वातावरण संरक्षण पुरस्कार एवं कदरपत्र प्रदान गर्ने कार्यक्रम रहेको छ । पुरस्कारकालागि वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा काम गरिरहेका संघ / संस्था, समुदाय वा व्यक्तिलाई (संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रमाणित छायाँ प्रति र वातावरण संरक्षण तथा प्रवर्द्धनमा पुऱ्याएको योगदान सहितको छोटो परिचय सहित) आफुले गरेको विशिष्ट कार्यहरूको विवरण, कदरपत्र एवं पुरस्कार प्राप्त गरेको भए सो को छायाँ प्रति र सम्वन्धित निकायको सिफारिस भए सो समेत संलग्न गरी सूचना प्रकाशित भएको ३० दिन भित्र मन्त्रालयमा आवेदन दिनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | पुरस्कार | आवश्यक योग्यता |
|---|---|---|
| १ | वातावरण संरक्षण पुरस्कार | कम्तिमा ५ बर्षसम्म वातावरण संरक्षण तथा प्रवर्द्धन सम्वद्ध देहायका कुनै क्षेत्रमा कार्य गरेको<br>• जनचेतना अभिवृद्धि,<br>• वातावरणमैत्री प्रविधिको विकास र प्रसार,<br>• जलवायू परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण,<br>• वनजंगलको दिगो व्यवस्थापन,<br>• फोहरमैला व्यवस्थापन,<br>• वातावरण संरक्षण तथा प्रवर्द्धन सम्वन्धी अध्ययन अनुसन्धान, प्रकाशन, प्रतिवेदन |
| २ | वातावरण संरक्षण महिला पुरस्कार | कम्तिमा ५ बर्षदेखि वातावरण संरक्षण तथा प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धी, वातावरणमैत्री प्रविधिको विकास, वातावरण तथा जलवायू परिवर्तन सम्वद्ध विषयमा अध्ययन अनुसन्धान मध्ये कुनै क्षेत्रमा कार्य गरिरहेको महिला वा महिला समुहद्धारा संचालित संघ संस्थाले सो को प्रमाण संलग्न गरी |
| ३ | वातावरण मैत्री उद्योग पुरस्कार | वातावरण मैत्री प्रविधि र व्यवस्थापनको उपयोग गरी वातावरण संरक्षणमा कम्तिमा ५ वर्ष देखि योगदान गर्दै आएका उद्योगले (१) उद्योग दर्ताको प्रमाण पत्र (अद्यावधिक नवीकरण) (२) ISO-9001/14001 प्रमाणपत्रको प्रतिलिपी र सो को कार्यान्वयन स्थिति विवरण (३) स्वीकृत IEE/EIA Mitigation Plan अनुसार कार्य गरेको अभिलेख, (४) सामाजिक उत्तरदायित्व वहन सम्वन्धी कागजात, (५) वातावरणीय असर न्यूनीकरण गर्न अवलम्वन गरिएका विधिहरू (६) स्थानीय निकाय (गाउँपालिका / नगरपालिका) र उद्योग विभाग / मन्त्रालयको सिफारिस संलग्न गरी |
| ४ | उत्कृष्ट वातावरण पत्रकार पुरस्कार | वातावरण पत्रकारिताको क्षेत्र (विद्युतीय/ छापा संचार माध्यम) मा कम्तिमा ५ वर्ष देखि कार्यरत पत्रकारले (१) सूचना विभागद्धारा जारी परिचयत्रपत्रको प्रमाणित प्रतिलिपी (२) गरेको उल्लेखनीय कार्यको अभिलेख प्रतिलिपी, र (३) नेपाल पत्रकार महासंघको सिफारिस संलग्न गरी |
| ५ | जलवायू परिवर्तन व्यवस्थापन पुरस्कार | कम्तिमा ५ वर्ष सम्म जलवायू परिवर्तनका नकारात्मक प्रभावहरू न्यूनीकरण सम्वन्धी (१) प्रविधि विकास र प्रसार, (२) अनुकुलन सम्वन्धी स्थानीय क्षमता विकास (३) अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन, (४) न्यून कार्वन उत्सर्जन प्रविधि विकास, प्रयोग र प्रसार, मध्ये कुनै क्षेत्रमा काम गरेको व्यक्ति वा संघसंस्थाले सो सम्वन्धी कागजात संलग्न गरी |

उपरोक्त पुरस्कारको लागि उपयुक्त व्यक्ति वा संघ / संस्थाको नाम सिफारिस गरी यस मन्त्रालयमा पठाई सहयोग गरिदिनु हुन सम्वन्धित क्षेत्रमा काम गर्ने सरकारी, गैर सरकारी तथा सामुदायीक निकायहरूलाई समेत यसै सूचना मार्फत आव्हान गरिन्छ । थप जानकारीकालागि निम्न ठेगानामा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

सम्पर्क :
जनसंख्या तथा वातावरण मन्त्रालय,
जनसंख्या तथा वातावरण व्यवस्थापन महाशाखा,
सिंहदरवार
फोन नं : ४२११७३७ फयाक्स : ४२११९५४

सह-सचिव

२०७४।१२।२१